# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १८ गते २०१४ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २९

शिक्षामन्त्रालय-अन्तर्गत दाँग बिजौरी प्राथमिक पाठशालालाई एकजना प्राथमिक शिक्षक चाहिएको छ। योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं. (२०१०) मा आफ्नो बेहोरा स्पष्ट खुलाई तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मो. रु. १। वा त्यतिको नेपाली टिकट सहित २०१४ साल भाद्र १७ गते रोज २ सम्ममा दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः-

१. पदः—प्राथमिक शिक्षक, स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता :-उत्तर मध्यमा अनुत्तीर्ण।
३. वांछनीय योग्यताः-अंग्रेजीमा मिडिल सम्मको योग्यता भएकोलाई प्राथमिकता दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. तलबको स्केल र भत्ता:- तलब मोरु ५०। देखि ६०। महँगी भत्ता मोरु १८।
५. काम:- दाग बिजौरी प्राथमिक पाठशालामा अध्यापन।

आज्ञाले-
खड्गमान मल्ल,
सेक्रटरी-पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल।

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर, प्रेमराज शर्मा,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४४